प्रतिदिन १६औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

**महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याओं**

- महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँसुकै पनि हुन सक्छ,
- हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक थप उत्साहित हुन सक्छन्,
- उत्साहित पीडकले थप घटना घटाउन सक्छन्,
- आफन्त, नातेदार, छिमेकी, साथीभाई वा सहकर्मी भनी पीडकलाई उम्कन नदिऔं, पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं।

विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : २७७ ।। २०८१ मंसिर १२ गते बुधबार (27th Nov 2024 Wednesday) | **Pratidin** National Daily | मूल्य-रु.५/-

## गौहत्यापछि सुरुङ्गामा तनाव

# विरोध प्रदर्शन र चक्काजाम, आलम पक्राउ

झापा(प्रस) । गौहत्याको घटनापछि दोषीमाथि कार्वाहीको माग गर्दै कन्काईको सुरुङ्गामा विरोध प्रदर्शन र चक्काजाम गरिएको छ ।

कन्काई -३ स्थित टप्पु बस्ने पूर्णप्रसाद फुयाँलको गोठमा बाँधेको लीलाप्रसाद सिलवालको पहिलो बेते लैनो गाई चोरी गरी काटेका थिए। स्थानीय लीला संग्रौलाको घरमा डेरा लिएर ज्याला मजदुरी गर्ने मुस्लिम समुदायका ब्यक्तिहरुले सो गाई चोरी गरी काटेका थिए । कनकाई नगरपालिका ३ टप्पुस्थित लीला संग्रौलाको घरमा डेरा गरी बस्ने एक मुस्लिम परिवारले मिलेर गाई काटेर मासु समेत पकाएर खाएका थिए।

गाई चोरी गर्ने क्रममा चोरी गर्ने समूहले गाईको थलोमै आफ्नो मोवाईल झारेको र बिहान गाईको थलोमा मोवाईल भेटिएको थियो । मोवाइलधनी पत्ता लगाउने क्रममा बाह्रदशी ४ निवासी हाल कनकाई ३ टप्पुमा डेरा गरि बस्ने बुदना आलमको डेरामा गाई काटेको अवस्थामा फेला परेको हो ।





उनीहरुको परिवारले गाई काटी मासु पकाएर खाएको अवस्थामा फेला परेको थियो । गाई काटेर खाएको पत्ता पाएर पक्राउ पर्ने भयले उनीहरु घर डेरा छाडेर भागेका थिए । उनीहरुमध्ये मुख्य व्यक्ति बुदनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी प्रवक्ता प्रहरी नायव उपरिक्षक कृष्णप्रसाद चन्दले बताए ।

यसैबीच सो घटनाको विरोधमा मंगलवार दिउँसो ४:२० बजेदेखि संग्रौलाको घर अगाडी गौं बंश संरक्षणका केन्द्रीय अध्यक्ष एवं गोलोक गोवर्धन गौशाला सताक्षीधामका संरक्षक नन्दकिशोर भारद्वाज महाराजको नेतृत्वमा अर्जुनधारा जलेश्वरधामबाट आएका ३०/३५ जना धर्मगुरु, स्थानीय करिब २५० जनाको संख्यामा भेला जम्मा भई 'गौं हत्या बन्द गर, हत्यारालाई फाँसी दे, हिन्दु राष्ट्र कायम गर, नेपाल सरकार मुर्दावाद , कार्बाही गर' जस्ता नारा लगाएर बिरोध प्रदर्शन गरेका थिए ।

मृत गाईलाई साँझ ५:२० बजे घटनास्थलबाट गाडीमा राखेर सुरुङ्गा चोकस्थित पूर्व पश्चिम राजमार्गमा ल्याई उनीहरुले चक्काजाम गरेका थिए । उक्त चक्काजाम साँझ ६:१० बजे खुलेको थियो भने प्रदर्शनकारीहरुले उक्त मृत गाईलाई कन्काई नदीमा लगेर अन्त्येष्टि गरेका छन् । त्यस्तै साँझ ६:३० बजेदेखि कन्काई -४ कोटीहोमस्थित कन्काई पुलनजिक पूर्वपश्चिम राजमार्गमा मृत गाई राखेको गाडीलाई सडकमा तेर्साएर पुनः चक्काजाम गरेका थिए ।

यसैबीच कनकाई नगरपालिकाका नगर प्रमुख राजेन्द्रकुमार पोखरेलले गौहत्या गर्नेलाई कार्वाही गर्ने प्रतिवद्धता जनाएका छन् ।

# पालिकासँग सिधै समन्वय गर्नुस्-थोप्रा



शिवगञ्ज(प्रस) । शिवसताक्षी नगरपालिकाका प्रमुख मेघाहाङ थोप्रा (रोशन)ले सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार पुनर्निर्माणका लागि स्थानीय सरकारको आवश्यक परे पालिकासँग सिधै समन्वय गर्न प्रधानाध्यापकलाई सुझाएका छन् ।

उनले विद्यालयसँग सम्बन्धित शाखा, नगर प्रमुख वा उपप्रमुख जोसुकैसँग पनि विद्यालयको हरतरहको समस्या समाधानका लागि लिखित रुपमा जानकारीसहित योजना माग गर्नुपर्ने बताए ।

रुद्र- गौरी श्री -अम्बिका ओली प्रतिष्ठान भद्रपुर र छिमेकी बचत तथा ऋण सहकारी संस्था लिमिटेड झिलझिलेले शिवसताक्षी वडा नम्बर ४ को त्रिभुवन माध्यमिक विद्यालयमा आयोजित एक कार्यक्रममा बोल्दै नगर प्रमुख थोप्राले भने,' सरकारी कार्यालयमा सम्बन्धित वडाको सिफारिस, विद्यालयको लेटर प्याडमा लिखित निवेदनसहित आवश्यक अन्य कागजातसहित योजना माग गर्नुपर्छ । अनि मात्र योजनाका लागि प्राविधिकले नापजाँच गरेपछि आवश्यक बजेट विनियोजन हुने र त्यसको कार्यान्वयन हुन्छ ।' सामाजिक सञ्जाल, भाषण र लिखित जानकारी बाहेकका विधि अपनाएर सार्वजनिक गरिएका विषयवस्तु र योजनाका बारेमा सम्बन्धित निकायलाई आधिकारिक जानकारी नहुने उनले बताए । उनले भने, 'आधिकारिक माग निवेदन नभएका योजना र विषयवस्तुउपर आवश्यक कारबाही गर्न पालिकाको आर्थिक प्रशासन शाखाबाट नमिल्ने पनि उनले बताए ।

स्थानीय सरकारको हैसियतले थोप्राले समय मिलाएर पालिकासँग आवश्यक योजनाको मागका लागि शिवसताक्षी नगरपालिकामा सम्पर्क गर्न पनि प्रधानाध्यापकलाई सुझाएका छन् ।

रुद्र- गौरी श्री -अम्बिका ओली

❖ बाँकी अन्तिम पृष्ठमा

# वैदेशिक रोजगारबाट फर्किएका महिलालाई हेर्ने दृष्टिकोण फरक

• **लक्ष्मी उप्रेती**

मेचीनगर । पछिल्लो समय अवैधानिक रुपमा घरेलु कामदारका रुपमा वैदेशिक रोजगारमा जाने महिला कामदारको संख्या बढ्दै जान थालेको छ । तर, विनासीप घरेलु कामदारका रुपमा जाने अधिकांश महिलाले कुनै न कुनै समस्या भोग्नुपर्ने र वैदेशिक रोजगारबाट फर्केर आउनुपर्ने बाध्यता रहेको पीडित महिलाहरुले गुनासो गरेका छन् । वैदेशिक रोजगारबाट फर्किएका महिलालाई समाजले हेर्ने दृष्टिकोण फरक रहेको भन्दैं उनीहरुले स्वदेशमै सीप सिकाएर र व्यवसायिक बनाउन स्थानीय सरकारसमक्ष आग्रहसमेत गरेका छन् ।



झापाको मेचीनगरमा वैदेशिक रोजगार तथा मानव बेचबिखन प्रभावितहरु र स्थानीय सरकारबीचको संवाद कार्यक्रममा बोल्ने अधिकाँश सहभागी महिलाहरुले यस्तो गुनासो गरेका हुन् । मानव बेचबिखनको रोकथाम र मानव बेचबिखनबाट प्रभावित महिला, किशोरी तथा बालबालिकाहरुको संरक्षण गर्ने उद्धेश्यले डिएफएटी अष्ट्रेलियाको सहयोग र टिएचएफ नेपालको साझेदारीमा शक्ति समूहले कार्यक्रम आयोजना गरेको थियो । इलामको सूर्योदय नगरपालिका, रोङ गाउँपालिका तथा झापाको मेचीनगर नगरपालिकामा यसरी फर्केर आएका महिलाहरुलाई लक्षित गरी आयोजना गरिएको कार्यक्रमका सहभागीहरुले स्थानीय सरकारलाई आफ्नो पीडा सुनाएका छन् । रोजगारीका लागि अवैधानिक रुपमा विदेश पुग्ने अधिकांश महिला कि ठगिन्छन् कि त बेचिने गरेको उनीहरुको भोगाई छ ।

महिलालाई कुनै न कुनै सीप सिकाएर उद्यमशील बनाउन सके उनीहरुले स्वदेशमै बसेर धेरै काम गर्न सक्ने भन्दै सूर्योदय नगरपालिका –६ इलामकी ३२ वर्षीया जानुका राई (नाम परिवर्तन) सिलाई-कटाई, तरकारी खेती, व्यवसाय आदि गरेरै भएपनि महिलाहरुले सजिलै जीविकोपार्जन गर्न सक्ने बताउँछिन् । ६ वर्ष कुवेत बसेर फर्किएकी राईले सवारी चालकको सीप सिकेर सवारी चालक अनुमतिपत्र लिइसकेकी छन् । यदि महिला वैदेशिक रोजगारका लागि विदेसिने हो भने हातमा कुनै न कुनै सीप सिकेर मात्र जान उनको अनुरोध छ ।

दलालहरुले श्रम स्वीकृतिविना अवैधानिक रुपमा चोर बाटो भएर विदेश लैजाने र त्यहाँ पुगेपछि पनि अनेकौं समस्या झेल्नुपर्ने भएपनि अझै अवैधानिक रुपमा विदेश जाने महिलाको संख्या बढ्दै गएको छ । जसबाट ठगीका घटना पनि बढ्दै जान थालेको सरोकारवालाहरुको भनाई छ । इलाम नगरपालिका वडा नम्बर –१० गोदककी २९ वर्षीया सार्थकुमारी तामाङ (नाम परिवर्तन) दिल्ली हुँदै कुवेत पुगिन् । उनले त्यहाँ साढे तीन वर्ष घरेलु कामदारकारुपमा काम गरिन् । त्यस वखत उनले विदेशमा भोग्नु परेको पीडा अहिले सम्झन पनि चाहन्नन् । उनले थुप्रै ठाउँमा खरिद बिक्री हुँदै कुवेत पुगेको र श्रम स्वीकृतिविना अवैधानिक रुपमा चोर बाटो भएर विदेश जाने महिलाले अनेकौं समस्या झेल्नुपरेको बताउँदै गर्दा उनको गला अबरुद्ध बनिसकेको थियो ।

'३० देखि ३५ हजार रुपैयाँ दलाललाई बुझाएँ' उनले पीडा सुनाउँदै भनिन्–' हामीलाई दिल्ली हुँदैं काठमाडौं पुर्‍यायो । त्यहाँ २१ दिन राख्यो । कसैले सोध्यो भने तान्जानिया हिँडेको भन्नु भनेर सिकायो, जसरी विदेश पुर्‍यायो त्यहाँको त कुरै छाडौं । विदेश पुगेर जुन पीडा सहन बाध्य भईयो अहिले सम्झन पनि मन लाग्दैन । विदेशको समस्या भोग्नेलाई मात्र थाहा छ ।' अझ विनासीप विदेश पुगेका महिला कामदारको हालत झनै कष्टकर रहेको उनको भनाई छ ।

यदि सरकार आफैँले त्यस्ता बेरोजगार महिलालाई स्वदेशमै व्यवस्थापन गर्न सकेको खण्डमा एकातिर उनीहरुको आर्थिक अवस्थामा सुधार आउनेछ भने अर्कोतिर मुलुकको आर्थिक विकासमा पनि टेवा पुग्ने रोङ गाउँपालिका वडा नम्बर–३ इलाम कुटीडाँडाकी ३२ वर्षीया पूजा भुजेल(नाम परिवर्तन)को प्रतिक्रिया छ । भुजेल अढाई वर्ष कुवेत बसेर विभिन्न समस्या बेहोरेर फर्कि आएकी हुन् । 'विदेशमा अनेक समस्या थिए, जसोतसो फर्केर आएर अहिले चटपटे बेचेर बसेकी छु'उनले थपिन । राज्यले विभिन्न उत्पादनमूलक उद्योग स्थापना गरेर महिलालाई यहीँ रोजगारी प्रदान गर्न सके खाडी मुलुकको तातो घाममा काम गर्न तयार महिलाहरु आफ्नै देशमा काम गर्न पाए भने खुशी हुने भुजेलको भनाई छ ।

१७ महिना लेवनान बसेर फर्किएकी सूर्योदय नगरपालिका– १३ लक्ष्मीपुर इलामकी ४८ वर्षीया गंगा पराजुली (नाम परिवर्तन ) त्यहाँ पुग्नेवित्तिकै

❖ बाँकी अन्तिम पृष्ठमा

# वाणिज्य संघ गौरीगञ्जको अध्यक्षमा श्रेष्ठ निर्वाचित

झापा(प्रस) । झापा उद्योग वाणिज्य संघ गौरीगञ्जको अध्यक्षमा रुपक श्रेष्ठ निर्वाचित भएका छन् ।

सोमवार साँझ सम्पन्न निर्वाचनमा प्रतिष्पर्धी रमेशप्रसाद राजवंशीलाई ३३ मतले पराजित गरी नेकपा एमालेनिकट व्यवसायी श्रेष्ठ निर्वाचित भएका हुन् ।

श्रेष्ठले १५५ मत ल्याउँदा राजवंशीले १२२ मत पाएका छन् । श्रेष्ठले एमालेनिकट व्यवसायीहरुको प्यानलको नेतृत्व गर्दै अध्यक्षमा उठेका थिए भने राजवंशी नेपाली कांग्रेसको



प्यानलबाट उठेका थिए । त्यस्तै उद्योग उपाध्यक्षमा बिनोद साह, वाणिज्य उपाध्यक्षमा मनोज दास ,सचिबमा पवन दास, उद्योग सहसचिवमा चन्द्र नायक, वाणिज्य सहसचिवमा चन्दन दास, कोषाध्यक्षमा सम्झना अधिकारी अग्रवाल, खुल्ला सदस्यहरुमा श्यामलाल शर्मा, निरज साह, संगित दास, इन्द्रकान्त दास (रोशन) र अभिषेक साह तथा महिला सदस्यमा पुर्णिमा साह र आरती कमार निर्वाचित भएका छन् ।सचिव पवन दास , उद्योग सहसचिव चन्द्र नायक र महिला सदस्य आरती कमार कांग्रेस प्यानलबाट निर्वाचित हुँदा अन्य सबै पदमा एमाले विजयी भएको हो । वाणिज्य संघको अध्यक्षसहित कार्यसमितिको १४ पदका लागि ३१ जना उम्मेदवारहरु निर्वाचनमा उत्रिएका थिए ।



# सप्तरीबाट दुई दिनमै ३८ जना पक्राउ

झापा(प्रस) । सप्तरीमा दुई दिनको अवधिमा विभिन्न ठाउँबाट ३८ जना फरार अभियुक्त र आरोपितलाई पक्राउ गरिएको छ। सप्तरी प्रहरीले सोमवार र मंगलवार विभिन्न मुद्दाका ३८ जना अभियुक्तलाई पक्राउ गरी दुई वर्ष चार महिना २१ दिन कैद र ७४ हजार चार सय ५० असुल गरेको जनाएको छ। सप्तरी प्रहरीले नै गत कात्तिक १३ गते एकैदिन २४ जनालाई पक्राउ गरेको थियो।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक जीतेन्द्रकुमार बस्नेतका अनुसार मंगलवार बलात्कार घटनाका अभियुक्त सप्तरीको बोदे बरसाइन नगरपालिका-६ का हृदयलाल यादवलाई पक्राउ गरिएको छ। अदालतबाट उनलाई ६ महिना कैद र पाँच हजार जरिवानाको फैसला भएको जनाइएको छ।

यसैगरी बोक्सीको आरोप लगाएको आरोपमा दुई महिना १९ दिन कैद सजायपश्चात् फरार रहेका सप्तरीको राजविराज नगरपालिका-९ का प्रदीप नुनिया पक्राउ परेका छन्। सप्तरीको सुरुङ्गा नगरपालिका-३ का जसीलाल चौधरीलाई आत्महत्या दुरुत्साहनको अभियोगमा पक्राउ गरी रु एक हजार असुल गरिएको प्रनाउ बस्नेतले बताए।

बहुविवाहका फरार अभियुक्त सप्तरीको विष्णुपुर गाउँपालिका-१ का अजय यादव र सप्तरीको हनुमानगर कंकालिनी नगरपालिका-१४ का अभिजित मण्डल पनि पक्राउ परेका छन्। अदालतले यादवलाई २८ दिन कैद र १० हजार जरिवाना तथा मण्डललाई १० हजार जरिवानाको फैसला गरेको थियो।

बिगो लेनदेन मुद्दामा फरार रहेका सप्तरीको महादेवा गाउँपालिका-२ का मिस्टर यादवलाई पक्राउ गरिएको छ। उनलाई १० महिना कैद सजायको फैसला भएको छ।

यस्तै आठ महिना कैद सजायपछि फरार रहेका अग्निसाइर कृष्णसवरण गाउँपालिका-३ का भगवती भगत पक्राउ परेका छन्। चोरी आरोपमा उनलाई अदालतले आठ महिना कैदका साथै ६ हजार ६ सय ७८ जरिवाना गरेको छ। चोरी आरोपमा सप्तरीको मलेठ-७ का झरी सदा र सालको चिरान काठ चोरी आरोपमा सप्तरीको तिलाठी कोइलाडी-३ का वंशी मुखिया पक्राउ परेका छन्। सदालाई एक हजार र मुखियालाई दुई हजार एक सय ४० जरिवाना भएको छ।

लागुऔषध मुद्दाका अभियुक्त राजविराज नगरपालिका- ९ का अरुणकुमार सदा पक्राउ परेका छन्। लागुऔषध आरोपमा उनलाई २३ दिन कैद र रु दुई हजार जरिवानाको फैसला भएको थियो। कुटपिट, लुटपाट मुद्दाका १० जना, कुटपिट मुद्दाका नौ जना, लुटपाट मुद्दाका दुई जना, सवारी अंगभंग मुद्दाका दुई जना तथा कीर्ते, जालसाजी, गाली-बेइज्जती, चेक अनादर र नाता कायम मुद्दाका एक-एक जना पक्राउ परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

अदालतको फैसला कार्यान्वयनको सिलसिलामा प्रहरीले फरार रहेका अभियुक्तलाई पक्राउ गरी कैद र जरिवाना असुल गर्ने अभियान नै सञ्चालन गरेको प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले बताए।

# बिर्तामोड झापा कपका लागि खेलमैदान स्तरोन्नति

बिर्तामोड(प्रस)। मोफसलको चर्चित फुटबल क्लब झापा ११ एफसीको आयोजनामा हुन लागेको बिर्तामोड झापा कप नजिकिँदै जाँदा खेलमैदानको स्तरोन्नति धमाधम भइरहेको छ।

यही मंसिर २९ गतेदेखि हुने अन्तर्राष्ट्रिय आमन्त्रण फुटबल प्रतियोगिताका लागि बिर्तामोड-३ मा रहेको डोमालाल राजवंशी रंगशालाको स्तरोन्नति र मर्मत धमाधम भइरहेको झापा ११ एफसीका अध्यक्ष जलकुमार गुरुङले जानकारी दिए।

मैदानको झार छाँटेर रंगशालालाई पुरानै अवस्थामा



पुऱ्याउन गोडमेल तथा मर्मतको काम तीव्र गतिमा भइरहेको हो। डोमालाल राजवंशी रंगशाला देशभरका खेलमैदानहरुमध्ये उत्कृष्ट र आकर्षक मानिन्छ।

खेलमैदानको आकर्षणमा कुनै कृत्रिमता नहुने र प्राकृतिक घाँसे मैदानलाई मिलाएर बुट्टादार बनाइने झापा गोल्डकपका संस्थापक संरक्षक तथा योजनाकारसमेत रहेका गुरुङले बताए।

झापा ११ ले आफ्नो 'होम ग्राउन्ड' मा आयोजना गर्ने प्रतियोगितामा मैदानको आकर्षण नघटोस् भनेर आयोजक समितिले छोटो समयमा काम सुरु गरेको हो। रंगशालामा उम्रिएका अनावश्यक झार उखेल्ने तथा प्राकृतिक घाँस रोप्ने काम थालिएको छ।

उनले मैदान संरक्षणमा दीर्घकालीन योजना आवश्यक रहेको बताए। 'यसरी झार उखेल्ने अस्थायी काम हो', गुरुङले भने, 'यसको दीर्घकालीन योजना हुनैपर्छ।'

झापाकै गौरवका रुपमा रहेको यो रंगशालालाई बचाइराख्न जरुरी रहेको उनी बताउँछन्।

रंगशालामा करिब १० हजार दर्शक बस्न सक्नेगरी बाँसको प्यारापिट पनि निर्माण गरिने प्रतियोगिताका संयोजक केशवराज दाहालले जानकारी दिए।

झापा ११ फुटबल क्लबले स्थापनापछि दोस्रोपटक ठुलो नकआउट फुटबल प्रतियोगिता आयोजना गर्न लागेको हो। क्लबले यसअघि २०७२ सालमा झापा गोल्डकपको सुरुवात गरेको थियो।

प्रतियोगितामा मोफसलका चर्चित टिम र भारतका दुई वा तीनसहित १० वटा टिमको सहभागिता रहनेछ। प्रतियोगिताको विजेताले नगद १० लाख, ट्रफी र मेडल पाउनेछ भने उपविजेता टिमले नगद पाँच लाख, ट्रफी र मेडल प्राप्त गर्नेछ। फाइनल खेल पुस ८ गते हुनेछ।

झापामा फुटबलको स्तर बढाउने तथा खेल पर्यटनको विकास गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको क्लबका अध्यक्ष गुरुङ बताउँछन्। यसअघि सोही रंगशालामा गुरुङकै अगुवाईमा झापा गोल्डकपको सुरुवात भएको थियो।

११ वर्षअघि अखिल नेपाल फुटबल संघको आयोजनामा काठमाडौँमा सम्पन्न एन्फा कपमा पहिलोपटकको सहभागितामा नै ए डिभिजन क्लबहरुलाई पराजित गर्दै झापाली टिम च्याम्पियन बनेको थियो।

# चिया बगानका मजदुरहरुलाई निःशुल्क सेनिटरी प्याड



दमक(प्रस)। दमकमा रहेको हिमालयन गुडरीक चिया बगानका मजदुरहरुलाई निःशुल्क सेनिटरी प्याड वितरण गरिएको छ। अन्तर ाष्ट्रिय गैरसरकारी संस्था एचडिएनपी इन्टरनेशनलको प्रायोजन र आशाको दियो नेपालको संयोजनमा चिया बगानमा कार्यरत दुईसय पचास जना महिला मजदुरहरुलाई मंगलवार एक कार्यक्रमका बिच सेनिटरी प्याड वितरण गरिएको हो।

सेनिटरी प्याड वितरण गर्दै कार्यक्रमकी प्रमुख अतिथि दमक नगरपालिका उपप्रमुख रेगिना भट्टराईले सेनिटरी प्याडको प्रयोग नगर्दा महिलाहरुमा जटिल खालका स्वास्थ्य समस्या आउन सक्ने भन्दै सचेतना अपनाउन सबैमा आग्रह गरिन्। नगरपालिकाले समेत उपप्रमुख सुरक्षित महिनावारी कार्यक्रमअन्तर्गत महिलाहरुलाई निःशुल्क सेनिटरी प्याड उपलब्ध गराउँदै आएको उनले जानकारी दिइन्।

उनले महिलाहरुले सामान्य रोगहरु पनि लुकाउँदै बस्दा त्यसले जटिल समस्या आउने भन्दै समस्याहरुको समयमै पहिचान हुनसके रोगबाट बच्न सक्ने भएकाले समय समयमा स्वास्थ्य जाँच गराउनु पर्नेमा जोड दिइन्।

कार्यक्रममा हिमालय चियाबगानका महाप्रबन्धक श्यामल सुब्बाले नगरपालिकाले वितरण गर्ने निःशुल्क सेनिटरी प्याड लिन जाँदा चिया बगानका कामदारहरुले एकदिनको ज्याला नै माया मार्नु पर्ने अवस्था हुने भन्दै बगानमै आएर वितरण गर्ने ब्यवस्था मिलाईदिन आग्रह गरे। त्यसको जवाफ दिँदै दमक वडा नम्बर ४ का वडा अध्यक्ष पुण्यप्रसाद दाहालले वडाको स्वास्थ्य केन्द्रबाट उपलब्ध गराउने सेनिटरी प्याड बगानका मजदुरलाई सहज उपलब्ध गराउन आफूले पहल गर्ने प्रतिवद्धता जनाए।

कार्यक्रमको सभापतित्व गरेका आशाको दियोका अध्यक्ष प्रकाश प्रसाईंले विपन्न समुदायको हरेक समस्यामा आशाको दियो साथ दिन आइपुग्ने बताए। यसअघि दमकका सयभन्दा धेरै परिवारलाई निःशुल्क झुल वितरण गरिएको बताउँदै उनले आगामी दिनमा समेत अन्य कार्यक्रमहरु ल्याउने जानकारी दिए। कार्यक्रममा एडिएनपीका प्रतिनिधि मिलन आचार्य, निम्स अस्पताल दमकका अध्यक्ष उमाकान्त आचार्य, सामाजिक व्यक्तित्व युवराज कोइराला, सुकपाल नेम्वाङलगायतको उपस्थिति रहेको थियो।

# मिक्लाजुङ र जापानको स्पेसटाउनबिच भगिनी सम्बन्ध



झापा(प्रस) ।मोरङको मिक्लाजुङ गाउँपालिका र जापानको स्पेसटाउन सहरबिच भगिनी सम्बन्ध कायम भएको छ। स्पेसटाउनका मेयर हिरोयासो कोजोनोको निमन्त्रणामा जापान पुगेका मिक्लाजुङ गाउँपालिकाका अध्यक्ष र मेयर हिरोयासोबिच दुईपक्षीय भगिनी सम्बन्ध कायम गर्ने सम्झौता भएको हो।

कार्यर्क्रममा प्रतिनिधि सभा सदस्य डा. सुनील शर्माले भात खान संघर्ष गरिरहेका मिक्लाजुङ र अन्तरिक्षमा बस्ती बसाउन अध्ययन गरिरहेको स्पेसटाउनबिचको सम्बन्धले मोरङको यस गाउँपालिकाको स्वास्थ्य, शिक्षा, पर्यटन र सामाजिक विकासमा सहयोग पुग्ने अपेक्षा गरे।

जापानका लागि नेपाली राजदूत डा. दुर्गाबहादुर सुवेदीले दुई देशबिचमा रहेको सम्बन्ध नागरिक नागरिकबिचमा पुग्ने धारणा राखे। मिक्लाजुङ गाउँपालिका र स्पेसटाउनबिच कायम हुन लागेको भगिनी सम्बन्ध दिगो र प्रभावकारी बनाउन र दुई पालिकाबिचको सहयोग आदानप्रदान जारी राख्न सकारात्मक रहेको बताए।

यस्तै नेपाली टोलीले जापानका सांसद कुबोटा तेत्सुयासँग भेटघाट गरेको छ। भेटका क्रममा अध्यक्ष राईले मिक्लाजुङको शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधारका क्षेत्रमा सहयोग गर्न सांसद कुबोटालाई आग्रह गरेका छन्।

भेटमा मोरङ क्षेत्र नम्बर ३ का प्रतिनिधि सभा सदस्य तथा नेपाली कांग्रेसका नेता डा. सुनील शर्माले भेटघाटले दुई देशबिचको सदियौँ पुरानो सम्बन्ध अझ प्रगाढ हुने धारणा राखे। कांग्रेस नेता चिरञ्जीवी थापा तथा व्यवसायी जीवन खड्काले भेटघाट र शिष्टारको प्रबन्ध मिलाएका हन्।

# दुई जना चिनियाँ नागरिक पक्राउ

झापा(प्रस) ।गैरकानुनी रूपमा भारतबाट नेपाल प्रवेश गर्ने दुई जना चिनियाँ नागरिक पक्राउ परेका छन्। प्रहरीले नेपाल-भारत सीमा क्षेत्रबाट उनीहरूलाई पक्राउ गरेको हो। कपिलवस्तुको शुद्धोधन गाउँपालिका वडा नं. ५ घेराउजोतस्थित नेपाल



प्रहरी र सशस्त्र प्रहरीको संयुक्त गस्ती टोलीले भारतबाट अवैध ढंगबाट नेपाल प्रवेश गर्दैगर्दा उनीहरूलाई पक्राउ गरेको प्रहरी नायब उपरीक्षक मोहनमणि अधिकारीले बताए। पक्राउ पर्ने चिनियाँ नागरिक ३२ वर्षीय लीगुआनगुई र ३५ वर्षीय ताओ रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। पक्राउ परेका २ चिनियाँ नागरिकसँगै रहेका पथप्रदर्शक भारत सिद्धार्थ नगर जिल्ला कक्रहवा बस्ने २३ वर्षीय भारतीय नागरिक अरबाज शेषलाई समेत प्रहरीले पक्राउ गरेको छ। पक्राउ परेका २ चिनियाँ नागरिक र पथप्रदर्शक ३ जनालाई प्रहरीले थप अनुसन्धान तथा कारबाहीका लागि अध्यागमन कार्यालय रुपन्देही बेलहिया पठाएको थियो। जसमध्ये पथप्रदर्शक भारतीय नागरिक अरवाज शेषलाई अध्यागमन कार्यालय बेलहियाले आवश्यक सोधपुछ गरी पुनः थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा फिर्ता पठाएको छ।

पक्राउ परेका चिनियाँ नागरिक लीगुआनगुई को साथमा चिनियाँ पासपोर्ट रहेको तर अर्का चिनियाँ नागरिक ताओको साथमा भने चिनियाँ पासपोर्ट नरहेको प्रहरीले जनाएको छ। उनीहरूको साथबाट २ थान ल्यापटप, विभिन्न कम्पनीका ६ थान मोबाइल र नगद भारतीय रुपैयाँ १४ हजार ७ सय ५० फेला परेको प्रहरी नायब उपरीक्षक मोहनमणि अधिकारीले बताए। बरामद गरिएको सबै समानहरूसमेत अध्यागमन कार्यालयमा थप अनुसन्धानका लागि पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# विराटनगर किंग्सको तयारी पूरा



झापा(प्रस)। मंसिर १५ देखि सुरु हुने नेपाल प्रिमियर लिग एनपिएल क्रिकेट प्रतियोगिताका लागि विराटनगर किंग्सले आफ्नो तयारी पूरा भएको जनाएको छ।

विराटनगरमा पत्रकार सम्मेलन आयोजना गरी विराटनगर किंग्सका मालिक एवं पूर्व क्रिकेट खेलाडी पारस लुनियाले आफूहरूले खेलाडी छनौट गरेको नभई कोचहरू र मार्की खेलाडी सन्दीप लामिछानेले खेलाडीहरू छानेको जानकारी दिए। उनले आफूहरूले एनपीएलमा कोशी प्रदेशको नाम राख्ने गरी खेल खेल्ने र यस लिगले खेलाडी उत्पादनमा निकै सहयोग पुऱ्याउने बताए। उनले एनपीएल एक किसिमको व्यापार भएको र यसबाट मुलुकमात्र होइन, क्रिकेट एसोसिएसन र क्रिकेट खेलाडीहरूलाई फाइदा पुग्ने जिकिर गरे।

विराटनगर किंग्सका खेलाडीहरूले विराटनगर वडा नं. ६ स्थित मेरिलेबोन ज्वाला क्रिकेट मैदानमा प्रशिक्षण लिएका थिए। उनीहरू प्रतिस्पर्धाका लागि बुधबार राजधानी काठमाडौं जाँदैछन्। ५ जना विदेशी खेलाडीसहित ट्यालेण्ट हण्टबाट छानिएका ३ जना खेलाडीहरूसमेत समावेश गरेर विराटनगर किंग्सको क्रिकेट टिम बनाइएको प्रशिक्षक दीपेन्द्र चौधरीले जानकारी दिए। एनपीएलको उद्घाटन खेलमा विराटनगर किंग्सले जनकपुर बोल्ड्ससँग प्रतिस्पर्धा गर्दैछ।

## वैदेशिक...

स्वदेश फर्किन चाहन्थिन्। तर, उनले चाहेर पनि फर्किन सकिनन्। 'दलाललाई ८० हजार रुपैयाँ बुझाएर त्यहाँ पुगे। तर, त्यहाँको समस्याले लामो समय बस्न सकिनँ र जसोतसो स्वदेश फर्किएँ' उनले भनिन्। विदेश जान धेरै कुरा सिक्नु पर्ने रहेछ भन्ने उनले त्यहाँ पुगेर मात्र थाहा पाईन्। 'मलाई भाषाको ज्ञान थिएन् भाषा नबुझ्दा धेरै समस्या भयो, गाली गर्दथ्यो' उनले भनिन् –'अहिले म त्यहाँ भोगेका सबै पीडा सुनाउनै सक्दिनँ।'

पर्याप्त ज्ञान नहुनु, सीपको दक्षतामा कमी हुनु, अरुको प्रलोभनमा पर्नु लगायतका कारण अवैधानिक रुपमा घरेलु कामदारका रुपमा विदेश जाने महिलाको संख्या बढ्दै जान थालेको र घरेलु कामदारमा जाने अधिकांश महिलाले विभिन्न समस्या झेल्नुपरेको मेचीनगर नगरपालिका उपप्रमुख मीना पोख्रेल उप्रेतीको बुझाई छ।

'अवैधानिक रुपमा विदेश जाने धेरै महिलाहरुलाई सम्झाउनु पर्ने, किन भने उनीहरुलाई दलालले थुप्रै आश्वासन बाँडिसकेको हुन्छ' उनको भनाई छ। वैदेशिक रोजगारीमा सकेसम्म नजान र यदि जानु परे सीप सिकेर मात्र जान उनले आग्रह गरिन्।

सरकारले घरेलु कामदारमा जान रोक लगाए पनि दलालको भरमा अधिकांश महिला कामदार अवैधानिक रुपमा विदेश जाँदा ठगिने क्रम बढेको सरोकारवाला संघ संस्थाहरुले जनाएका छन्। स्वदेशमा अवसर र सम्भावना छैन भनेर विदेसिनु नहुने ती संघ संस्थाहरुले जनाएका छन्। रोजगारीले गर्दा सम्पूर्ण जीवन नै अन्धकारमय भएका उदाहरण धेरै बनिसकेका छन्।

अहिले रोजगारीका क्षेत्रमा जे-जस्ता समस्या देखापरेका छन्, त्यसको हल गर्न आर्थिक मुद्दाहरुमा ध्यान जानुपर्ने अधिवक्ता कमल प्रधानको भनाई छ। जबसम्म आर्थिक विकासको गति तीव्र बन्न सक्दैन, तबसम्म समाजमा बेरोजगारीको अवस्था जारी रहने अधिवक्ता प्रधानले बताए। यसो गर्नसके बेरोजगार भई विदेशमा जाने र बेचिने क्रम हल हुने सम्भावना हुन्छ।

रोजगार खोज्दै विदेश पस्ने नेपाली महिलाहरुलाई स्वदेशमै व्यवस्थापन गर्न सक्नु सबैभन्दा राम्रो उपाय भएको सूर्योदय नगरपालिका इलामका कार्यपालिका सदस्य लतादेवी गौतम अधिकारीको भनाई छ।

महिलाको अवस्थामा सुधार आउन नसक्नुमा महिला र पुरुषलाई समान शिक्षा प्रदान गर्न नसक्नु एउटा प्रमुख कारक तत्व मान्न सकिने शिक्षाविद् घनश्याम कार्कीको भनाई छ। 'महिला दिदीबहिनीका लागि सीपमूलक तालिम तथा ज्ञान अभिवृद्धि गर्नेखालका कार्यक्रम ल्याएर उनीहरुमा उद्यमशीलता विकास गरिदिन सकिन्छ। विदेशमा रहेका महिला कामदारले दुःख पाउनुको प्रमुख कारण भनेको उनीहरुमा आवश्यक सीप नभएर नै हो' कार्कीले भने। वैदेशिक रोजगारीको आकारमा धेरै वृद्धि भए पनि यसको व्यवस्थापन सहीरूपमा हुन नसकिरहेको उनको टिप्पणी छ। कार्यक्रममा मेचीनगर नगरपालिकाका महिला तथा बालबालिका शाखाका प्रमुख,सूर्योदय नगरपालिका र रोङ गाउँपालिकाका इलामका जनप्रतिनिधिहरु, शक्ति समूहका प्रमुख प्रतिनिधिलगायत सरोकारवाहरुको सहभागिता रहेको थियो।

## पालिकासँग...

प्रतिष्ठान र छिमेकी सहकारीले सो विद्यालयका १०६ जना विद्यार्थीलाई जाडोमा लगाउने न्यानो कपडा वितरण गरेको थियो। उक्त कार्यक्रमको प्रमुख अतिथि नगर प्रमुख मेघाहाङ थोप्रा थिए। उनले विद्यालयको मैदान बर्षातका बेला हिलाम्मे हुने र छाना चुहिने स्थानीय अभिभावकको गुनासो सुनेपछि यस्तो बताएका हुन्। विद्यालय व्यवस्थापन समितिले निर्णय गर्ने र कार्यान्वयन प्रशासकको हैसियतले प्रधानाध्यापकले नै गर्नुपर्ने भएको हुँदा यस्ता मामलामा प्रधानाध्यापक चनाखो हुनुपर्ने उनले बताए।

नगरपालिकाले नगरभित्रका अधिकांश सामुदायिक विद्यालयका टिनका छाना हटाउने अभियान सुरु गरेको छ। उनले भने,' कुनै पनि योजना एकैचोटि ह्वात्तै सम्पन्न हुँदैन। क्रमिक रूपमा हुन्छ।यो सबैलाई थाहै छ। विद्यालयको टिनको जस्ता हटाउन लगायतका अन्य शैक्षिक सुधारका निमित्त पालिकाले यथेष्ठ बजेटको व्यवस्था गरेको छ। योजनाका विषयमा पालिकामा आउनुस् यसै पटक समस्याको समाधान हुन्छ।'

कार्यक्रममा वडा अध्यक्ष विष्णु प्रसाई, नेपाली कांग्रेस महासमिति सदस्य भक्ति सिटौला, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष महेश्वर दुलाललगायतले प्रतिष्ठान र छिमेकी बचत तथा ऋण सहकारी संस्थाले सामाजिक उत्तरदायित्वअन्तर्गत समाजका लागि अनुकरणीय कार्य गरेर समाजमा गतिलो उदाहरण प्रस्तुत गरेको बताए।

विश्वविद्यालयका बाल कक्षादेखि कक्षा ६ सम्मका विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको थियो। प्रतिष्ठानका केन्द्रीय कोषाध्यक्ष यज्ञराज (गोपाल)ओलीको अध्यक्षतामा भएको कार्यक्रमको औचित्यमाथि सहकारीका उपाध्यक्ष उदयप्रकाश राई र स्वागत विद्यालयका प्रधानाध्यापक नारायणप्रसाद चापागाईले गरेका थिए। कार्यक्रममा जाडोमा लगाउने न्यानो कपडा प्रदान गर्ने प्रतिष्ठान र सहकारीलाई सो विद्यालयले कदरपत्र प्रदान गरेको थियो। कार्यक्रमको सञ्चालन सहकारीका सञ्चालक समिति सदस्य बिनोद सापकोटाले गरेका थिए।

प्रतिष्ठानले कन्काई नगरपालिका, शिवसताक्षी नगरपालिका र भद्रपुर नगरपालिकाका ३०० विद्यार्थीलाई न्यानो कपडा वितरण गरेको छ। भद्रपुर नगरपालिकामा मंसिर १६ गते वितरण गर्ने कार्यक्रम छ भने अन्य दुई पालिकामा यसअघि नै प्रतिष्ठानले न्यानो कपडा वितरण गरेको छ।

प्रतिष्ठान र सहकारी दुबैले शिवसताक्षी नगरपालिकाको वडा नम्बर ४ र ६ का तीनवटा विद्यालयका २०० विद्यार्थीलाई न्यानो कपडा वितरण गरेको हो। वडा नम्बर ४ को जनता आधारभूत विद्यालय र वडा नम्बर ६ को गौरीशंकर आधारभूत विद्यालयस मा बुधबार वितरण गर्ने कार्यक्रम रहेको सहकारीका कार्यकारी प्रमुख नरप्रसाद ओलीले बताए।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

## समान धारणा राख

प्रधानमन्त्री केपी शर्मा ओलीले यही मंसिर १७ गतेभित्र जनगणतन्त्र चीनको औपचारिक भ्रमण गर्ने तय भएको छ। चीन भ्रमणको कार्यक्रम बनेसगै विभिन्न कोणबाट चर्चा–परिचर्चा भइरहेका छन्। कसैले चीनमा गएर ऋण लिनु हुँदैन, अनुदान भने लिए हुन्छ भनिरहेका छन्। कसैले प्रधानमन्त्रीले भारतको भ्रमण पहिले गरेर मात्र चीनको भ्रमण गर्नुपर्थ्यो भनिरहेका छन्। प्रधानमन्त्री ओलीको चीन भ्रमणको उद्देश्यबाट बहकिएर यस्ता चर्चा भइरहेका छन्। हाम्रा निम्ति भारत र चीन दुवै महत्वपूर्ण छिमेकी मुलुक हुन्। यी दुई मुलुकमध्ये आवश्यकताअनुसार जता गए पनि फरक पर्दैन।

प्रधानमन्त्रीले गर्ने यस्ता भ्रमणमा मुलुकलाई सर्वोपरि महत्व दिइएकोप्रति विश्वस्त हुने हो भने अनावश्यक बहस हुने छैनन्। तर, मुलुकको प्रधानमन्त्री कुनै देश जाने बेलामा शंकाउपशंका उठाउन पर्नु आफैंमा दुःखद हो। यसपटक भ्रमण तय हुनेबित्तिकै प्रमुख विपक्षी दल नेकपा (माओवादी केन्द्र) अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले प्रधानमन्त्री ओलीबाट 'चाइना कार्ड' खेल्ने काम भएको आरोप लगाए। वास्तवमा दाहालको ओलीमाथि 'चाइना कार्ड' खेलेको आरोपलाई स्वाभाविक मान्न सकिन्न। सरकारमा जुनसुकै दल भए पनि मुलुकको परराष्ट्रनीति समान हुन्छ। यसमा कसैले पनि राजनीतिक लाभका निम्ति अभिव्यक्ति दिनु उचित हुँदैन। वास्तवमा दाहालले आफू प्रधानमन्त्री रहेका बेला चीनको भ्रमण भारतभन्दा पहिले गरेर स्वाभाविक रूपमा परम्परा तोड्न कोसिस गरेका पनि हुन्। तर, आफैंले विगतमा गरिसकेको काम अर्को प्रधानमन्त्रीले गर्दा अन्यथा रूपमा चित्रण गर्नु उचित हुँदैन। यसले अनावश्यक रूपमा शंकाको वातावरण मात्र बनाउँछ। त्यसमा पनि सबैजसो दलले आफ्नो स्वार्थअनुरूप परराष्ट्र मामिलालाई दोहन गर्छन् भन्ने अर्थ लगाउन सजिलो भएको छ। प्रधानमन्त्री ओलीले भने स्वतन्त्र मुलुकको प्रधानमन्त्रीले आफ्नो अनुकूलताका आधारमा भ्रमण गर्न सक्ने बताइसकेका छन्।

स्वाभाविक रूपमा नेपालको अवस्था महँगो ऋण लिएर विकास गर्न सक्ने किसिमको छैन। सहुलियत ऋणमा विकास निर्माणका काम गर्न नसकिने होइन। अमेरिकाले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) मार्फत् ५० अर्ब रूपैयाँ अनुदान सहयोग प्रदान गरी पूर्वाधार निर्माणमा सघाएको छ। नेपालले चीन, भारत, युरोपेली र अरब मुलुकहरूसँग पनि सहयोग लिँदै आएको छ। मुलुकका आवश्यकतालाई ध्यानमा राखी नेपालले सहयोग लिन र त्यसलाई विकास निर्माणमा लगाउन सक्नुपर्छ। भौगोलिक संवेदनशीलताका हिसाबमा रहेको मुलुकले अनाहकमा कूटनीतिक कार्ड खेल्ने भन्दा पनि देशको हितमा लाग्ने हो। लोकतान्त्रिक मुलुकमा परराष्ट्र नीति जनताको हितमा प्रयोग हुनुपर्छ। हाम्रोजस्तो अवस्थामा कुनै दल विशेषले यसलाई आफ्नो लाभका निम्ति उपयोग गर्ने भन्ने सोच्न सकिँदैन। समग्र मुलुक र जनताको हितका निम्ति सबैले सोच्नु र समान धारणा राख्नु आवश्यक छ।






# शिक्षामा मनोवृत्तिगत चुनौती



• गेहनाथ गौतम

नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा स्थापित गरेको छ। अहिले शिक्षा क्षेत्रमा मुलुकको ध्यान अरू मौलिक हकसँगै यसको पनि कार्यान्वयनतर्फ केन्द्रित छ।

यसैका लागि जारी भएको अनिवार्य ताथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को प्रस्तावनाले नै शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार एवं संविधानप्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्ने विषयको व्यवस्थापन गर्न खोजेको देखिन्छ। शिक्षालाई लोकतान्त्रिक मूल्यमान्यतामा आधारित समाजवादउन्मुख राष्ट्रनिर्माणमा केन्द्रित गर्ने र शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्ने तथा शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउने सोच राखेको छ।

सचेतनाको एक स्तर हासिल गरेको पुस्ता र विश्व बजारको प्रवृत्तिसँग सहज पहुँचले सिर्जना गराएको बहुविकल्प र यसबाट बढेको जनअपेक्षालाई मौजुदा विद्यालय तथा उच्च शिक्षाको अभ्यासले सहजै सम्बोधन गर्न सकेको छैन। त्यसैको जगमा उभिएर व्यक्त असन्तुष्टि धेरै देखिन्छन्। असन्तुष्टिको ज्वारभाटाको एक अंश देशको अवस्था खस्किएकाले विदेश पलायन भयौँ भन्छ। अर्को अंश सरकारी निकायप्रति धारेहात लगाउँछ। अर्को अंश नेता र अगुवालाई गाली गर्छ। अर्को अंश जिम्मेवारीमा बसेका व्यक्ति, व्यवसायीका कुरा काट्छ। अर्थात् कान छामेर मात्र नहिँडे कागको पछि दौडिरहने खतरा अझ बढ्दै आएको छ।

यस्तो परिवेशमा वर्तमान राजनीतिक नेतृत्वको एउटा पक्ष सुधारको मार्ग पहिचान गर्न र जनअपेक्षा पूरा गरेर स्याबासी पाउन हतारिएको छ। अर्को पक्ष यथास्थितिमा रमाएर जीवन निर्वाह गर्न उद्यत छ। तेस्रो पक्ष, राज्य संयन्त्रका संवेदनशील स्थानसम्म छिर्ने र सूचनाको पहँच बढाएर त्यसैबाट वर्तमानप्रति थप असन्तुष्टि छर्कंदै आफ्नो दुनो सोझ्याउन व्यस्त छ। यसमा भरपर्दो संस्थागत सुधार नगरी त्यसको प्रतिवादमा उत्रिने अभ्यासले अहिले विद्वेषको भाव तरङ्गित भइरहेको पनि देखिन्छ। सामाजिक सञ्जालका भित्ता नकारात्मक रङले रङ्गिएका छन्। कसैले थोरै सकारात्मक चर्चा गर्न खोजेमा उसले ' झोले' को बिल्ला पाएर गाली खान विवश बन्छ। यो देखेर हिजो 'छोरी कुटेर बुहारी तह लगाउने' लोकोक्ति झैँ धेरै केही बोल्न चाहने पनि हच्किन्छन् या उतै लय मिलाएर 'जनप्रिय' बन्न चाहन्छन्।

शिक्षा क्षेत्रले यो मनोवृत्तिगत चुनौतीको पहरो फोर्न सक्नु पर्छ। मनोवृत्तिगत चुनौतीको यो अक्कर पार गर्न सहज हुन्न। पहरो फोरेर धावनमार्ग बनाउन समय लागे पनि गोरेटो, घोडेटो हुँदै दुईपांग्रे र क्रमशः चारपांग्रे सवारीसाधन चल्ने बनाउन सकिन्छ। सडक निर्माणको यो इन्जिनियरिङलाई मार्गदर्शन मानेर शिक्षा क्षेत्रले सुधारका आन्तरिक र बाह्य प्रयत्न गर्नु पर्छ। मनोवृत्तिगत चुनौतीको पहरो फुटाउन शिक्षाप्रदायक र व्यवस्थापक दुवै दक्ष र सकारात्मक हुन आवश्यक छ। यसका लागि 'समस्या सापेक्ष तर आग्रह निरपेक्ष' भएर तत्कालै सुधार गर्नुपर्ने धेरै क्षेत्र छन्।

विश्वविद्यालय अनुदान आयोगको ३१ औँ वार्षिकोत्सव समारोहमा वर्तमान शिक्षामन्त्रीबाट व्यक्त 'हाम्रो संविधानले माध्यमिक तहको अधिकार स्थानीयलाई दिने र उच्च शिक्षाको अधिकार विश्वविद्यालयको छुट्टै कानुन अनुसार हुने भएपछि शिक्षा मन्त्रालयको काम मापदण्ड बनाउने, निर्देशनभन्दा पनि अनुरोध गर्ने ठाउँमा छ' भन्ने भाव निकै मननीय छ। यो संवैधानिक परिवेशमा उहाँले थप गर्नुभएको 'संविधानको मर्म अनुसार नयाँ कानुन बनाउन सकेनौँ भने हामी काम गर्न सक्दैनौँ। नीतिगत समस्या पहिचान गरेर फुकाउँदै जानु पर्छ' भन्ने विचार उत्तिकै सान्दर्भिक र अत्यावश्यक देखिन्छ। यही सेरोफेरोमा तत्कालै गर्नुपर्ने एउटा कार्य उजागर गर्न खोजिएको छ। त्यो हो, शिक्षाको संस्थागत संरचना निर्धारण।

मुलुकको राजनीतिक प्रणालीले संघीय संरचना अवलम्बन गरेपछि शिक्षा क्षेत्रमा भरपर्दो संस्थागत पुनरवलोकन भएको छैन। अहिलेसम्म सङ्घीय शिक्षा ऐनसम्म जारी गर्न नसकिएको अवस्थामा असन्तुष्टिका स्वर स्वाभाविक हुन्। अहिले शिक्षा क्षेत्रको स्थापित संरचना भत्किएको छ। शिक्षा क्षेत्रमा अहिलेसम्म कमजोरी भएका विषय पहिचान गरी त्यसको ठोस समाधान गर्न भरपर्दो र सबल संस्थागत संरचनाको अभावपूर्ति हुन सकेको छैन। हिजो करिब आठ सयको संख्यामा रहेका निरीक्षकबाट हुने गरेको विद्यालय र कक्षा सुपरिवेक्षण र एक हजारभन्दा बढी संख्यामा रहेको स्रोत केन्द्र र स्रोतव्यक्तिको सघन उपस्थिति अहिले छैन। जिल्लास्तरमा रहेका शिक्षा कार्यालय पार्किन्सन रोगबाट थलिए जस्ता छन्। जनशक्ति र स्रोतसाधनको अभावमा पनि जति काम भएको छ, त्यसको उचित मूल्याङ्कन गरी समन्वयमा सबल बनाउने सोच कसैमा देखिन्न। शिक्षक तालिमलाई जिल्लास्तरबाट व्यवस्थापन गर्न सके सहज हुन सक्छ कि भनेर हेरिएको छैन।

राष्ट्रिय मापदण्ड बनाउने र त्यसको स्थानीयकरणसमेत गरी कार्यान्वयन गर्न संस्थागत सहजीकरण गरी उपलब्धिको जिल्ला र प्रदेशस्तरमा प्रतिवेदन गर्न पनि सङ्घीय कार्यालयको आवश्यकता देखिन्छ। हरेक स्थानीय तहमा प्रशासनिक नेतृत्व सङ्घबाट हुँदै आएको छ। जिल्लास्तरमा अन्य विकास र प्रशासन क्षेत्रका निकाय यथावत् छन्। सचेतना र शिक्षाको उचित व्यवस्थापनबाट राष्ट्रिय एकता र प्रतिस्पर्धात्मक जनशक्ति विकास गर्ने राष्ट्रिय, सामाजिक र संस्कृतिक दायित्वसमेत बोकेको शिक्षा क्षेत्रका यी निकाय हटाएर शैक्षिक खाडल खन्ने धृष्टता कहाँबाट र कसरी भइरहेको छ त्यो समयक्रममा अभिलेखन त हुने नै छ। मुलुकको मेरुदण्ड शिक्षा क्षेत्रमा गलत अभ्यास हुन पुगेमा नागरिकको कम्तीमा एक पुस्ता नै दिग्भ्रमित हुन पुग्छ। यसले भविष्यमा पार्ने नकारात्मकता भयावह हुन सक्छ।

अहिले पनि निजामती सेवामा सेवा समूहगत असन्तुलन, प्रतिस्पर्धा र वैमनस्य प्रवृत्ति कायमै छ। यसमा अझ तीन तहमा तहगत प्रणालीका बिचमा असन्तुष्टि बढ्दै आएको देखिन्छ। यो असन्तुष्टिलाई उचित मार्गदर्शन गरी व्यवस्थापन गर्न आवश्यक छ। त्यसै गरी ती तहमा विद्यालय शिक्षा, उच्च शिक्षा र विद्यालयबाहिरको आजीवन सिकाइ पद्धतिका लागि उचित समन्वय, सहजीकरण र उपलब्धि सङ्कलन गरी प्रतिवेदन गर्ने कामका लागि भरपर्दो संयन्त्र विकास गर्न आवश्यक छ।

त्यसै गरी शिक्षक सेवा आयोगको कामलाई लोक सेवा आयोगबाट भइरहेका कामको चाप र संस्थागत सुविधाको दृष्टिकोणबाट तुलना गरी हेर्न आवश्यक छ। विश्वविद्यालय अनुदान आयोगको संरचना तीन वटा विश्वविद्यालय रहँदा बनेको हो। अब यसमा विदेशी शिक्षा कार्यक्रमसमेत सञ्चालन हुन थालेको र करिब डेढ दर्जन विश्वविद्यालय स्थापना भइसकेको परिवेशमा कसरी प्रभावकारी बनाउने भन्ने प्रश्न सान्दर्भिक देखिन्छ। अझ अहिले प्रदेश तहमा पनि विश्वविद्यालय स्थापना गर्न सकिने संवैधानिक प्रबन्धको अभ्यास प्रारम्भ भएको छ। यसको अभिभावकत्व कसले र कसरी गर्ने/गराउने भन्ने प्रश्न पनि गहकिलो नै देखिन्छ।

अहिले विद्यालयस्तरमा राष्ट्रिय परीक्षा बोर्ड र सिटिइभिटीबाट अलग अलग रूपमा भइरहेका परीक्षा व्यवस्थापनका काममा दोहोरोपना हटाउनुपर्ने हुन सक्छ। पाठ्यक्रम विकास केन्द्र र सिटिइभिटीबाट अलग अलग रूपमा भइरहेका परीक्षा पाठ्यक्रम तर्जुमाका कामको दोहोरोपन हटाउनुपर्ने हुन सक्छ। विद्यालय तहमा एकै पटक कक्षा १२ मा परीक्षा लिए हुन्छ भन्ने सतही दृष्टिकोण पनि सुनिन्छ। शिक्षक व्यवस्थापनको विषय पेचिलो छँदै छ, जिल्लास्तरीय शिक्षा एकाइलाई स्थानीय सरकारको बाधकका रूपमा चित्रित गर्दै खारेज गर्ने सोच रहेको पनि सुनिन्छ। त्यस्तै सोच राख्दै र निर्णय गर्दै जाने हो भने त सङ्घीय संरचना र बजेटरी प्रणालीले प्रदेश र स्थानीयलाई काम गर्न दिएन भन्ने गुनासो पनि नसुनिएको होइन। के सबै खारेज गर्दै जाने हो र ?

प्रदेशस्तरमा अरू क्षेत्रका संघीय निकाय जीवितै छन् तर शिक्षामा किन चाहिन्न भन्ने तर्कको पनि त जवाफ चाहिएला। यस्तो परिवेशमा शिक्षा क्षेत्रको संरचनात्मक व्यवस्थापनमा 'समस्या सापेक्ष तर आग्रह निरपेक्ष' हेराइ अपेक्षित छ। तसर्थ गहिरो अध्ययन गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु अत्यावश्यक छ। यसरी कायम हुने सङ्गठन संरचनालाई संघीय तहका विद्यालय शिक्षा विधेयक र उच्च शिक्षा विधेयकमा समावेश गरेर जारी हुन सान्दर्भिक देखिन्छ।

# जलवायु परिवर्तनको बढ्दो प्रभाव



• डा. रामहरि पौड्याल

एसिया प्रशान्त क्षेत्र विश्वका केही जलवायु संवेदनशील अर्थतन्त्रको केन्द्र हो र यो क्षेत्र विश्वव्यापी जलवायु सङ्कटको अग्रभागमा छ। एसियाली विकास बैङ्क (एडिबी) द्वारा हालै जारी गरेको प्रतिवेदनले यस क्षेत्रका गम्भीर चुनौती र रूपान्तरणकारी सम्भावनालाई उजागर गरेको छ। प्रतिवेदन अनुसार एउटा गम्भीर चासो प्रकट भएको छ। अमेरिकी र पश्चिमा नेतृत्वको विश्व व्यवस्थालाई उदाउँदै गरेको एसियाली विश्व व्यवस्थाले प्रभावित पार्दै छ। नेपालका छिमेकी चीन र भारत यही उदाउँदै गरेका दुई ठुला शक्ति राष्ट्र हुन्। जसले विश्वको आधा भूगोल, जनसंख्या, ऊर्जा र उत्पादनमा आफ्नो विश्व बजारलाई विस्तार गर्दै गइरहेका छन्। विश्वले सन् २०२४ को नोभेम्बर ११-२२ मा बाकु, अजरबैजानमा सम्पन्न कोप-२९ को विश्व सम्मेलनका बेला, विशेष गरी राष्ट्रपति रामचन्द्र पौडेलको नेतृत्वमा नेपाललगायतका दक्षिण एसियाली देशहरूको सहभागिता महत्वपूर्ण रह्यो।

**जलवायुसम्बन्धी प्रतिवेदन**

दी स्टेट अफ दी क्लाइमेट इन एसिया प्रतिवेदन, २०२३ मा मौसम, जलवायु र पानीसँग सम्बन्धित खतराबाट विश्वको सबैभन्दा धेरै विपत् प्रभावित क्षेत्र एसिया भएको जनाइएको छ। बाढी र आँधीले सबैभन्दा धेरै हताहत र आर्थिक क्षति पुऱ्यायो, जबकि बढ्दो तापक्रमले पारेको प्रभाव अझ गम्भीर बनिरहेको छ। प्रतिवेदनले सतहको तापक्रम, हिमनदीको घट्दो प्रवाह र समुद्रको सतह वृद्धि जस्ता प्रमुख जलवायु परिवर्तन सङ्केतकहरूको तीव्र गतिलाई मूल रूपमा प्रस्ट गरेको छ। जसले एसिया क्षेत्रका समाज, अर्थतन्त्र र पारिस्थितिक तन्त्रमा प्रमुख प्रभाव पार्ने छ।

यो प्रतिवेदन विश्व मौसम सङ्गठनको क्षेत्रीय जलवायु प्रतिवेदनहरूको शृङ्खलामध्ये एक थाइल्यान्डको बैङ्कमा आयोगको ८० औँ सत्रका क्रममा जारी गरिएको थियो। यो राष्ट्रिय मौसम विज्ञान र जलविज्ञान सेवा, संयुक्त राष्ट्रका साझेदार र जलवायु विशेषज्ञको नेटवर्कबाट योगदानमा आधारित छ। यसले क्षेत्रीय पहललाई प्राथमिकता दिन र निर्णय निर्माणलाई नीतिगत निकायलाई सूचित गर्न विश्व मौसम सङ्गठनको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्छ।

कोप-२९ मा नेपालको उपस्थिति जलवायु परिवर्तनको उच्च जोखिममा रहेको नेपालले कोप-२९ मा महत्वपूर्ण भूमिका खेलेको छ। राष्ट्रपति पौडेलले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सम्मेलनमा भाग लिनुभएको थियो। उहाँले हिमाली क्षेत्रले सामना गर्ने अनौठा चुनौतीलाई जोड दिनुभएको थियो। नेपालका नागरिक समाज सङ्गठनहरूले राष्ट्रपति पौडेललाई सम्मेलनमा 'हिमालय र जलवायु परिवर्तन' लाई औपचारिक एजेन्डा विन्दुमा समावेश गर्न आग्रह गरेका थिए। यो ध्यान केन्द्रित गर्नु महत्वपूर्ण छ किनभने विश्वका केही उच्च शिखरको घर नेपालले जलवायु परिवर्तनबाट गम्भीर जोखिम सामना गरिरहेको छ। यही कारणले हिमनदी पग्लनु, पानीको अभाव र पारिस्थितिकीय तन्त्रमा परिवर्तन प्रस्ट रूपमा मुखरित भएका छन्। नेपाल दुई ठुला शक्ति राष्ट्र भारत र चीनबिचमा छ र तिनले वैश्विक रूपमा ठुलो मात्रामा कार्बन उत्सर्जन गर्ने हुँदा तिनको प्रभाव हाम्रो हिमालय, पहाड, बस्ती र जनजीवनदेखि पर्यावरणमा परेको छ। नेपालले नगण्य मात्रामा कार्बन उत्सर्जन (०.०२७ प्रतिशत) गरे पनि ठुलो असर बेहोरेको हुँदा छिमेकीबाट समेत स्पष्ट रूपमा क्षतिपूर्ति माग्नुपर्ने देखिन्छ।

**जलवायु परिवर्तनको खतरा**

जलवायु परिवर्तनले पारिस्थितिकीय तन्त्र, अर्थतन्त्र र समुदायमा ठुलो प्रभाव पार्ने विश्वव्यापी खतरा उत्पन्न भएको छ। एसिया-प्रशान्त क्षेत्रले यसको तीव्र आर्थिक वृद्धिका बाबजुद विश्वको आधाभन्दा बढी हरितगृह ग्यास उत्सर्जन गर्छ। यो विरोधाभासले यस क्षेत्रको द्वैध भूमिकालाई उजागर गर्दछ, जसले जलवायु परिवर्तनको प्रमुख योगदानकर्ता र त्यसबाट पीडित हुने क्षेत्रका रूपमा दुवैको प्रतिनिधित्व गर्छ। एडिबीको प्रतिवेदनले विकासशील एसियाली देशहरूले जलवायु परिवर्तनसँग जुझ्नका लागि वार्षिक रूपमा एक खर्ब दुई अर्ब अमेरिकी डलरदेखि चार खर्ब ३१ अर्ब अमेरिकी डलरको आवश्यकता पर्ने बताएको छ। यो रकम क्षति सीमित गर्न र बदलिँदो मौसम र प्राकृतिक प्रकोपहरूमा अनुकूलन गर्न महत्वपूर्ण छ। सन् २०२१ मा विकासशील एसियाले लगभग आधा वैश्विक उत्सर्जनको हिस्सा बनाएको थियो, जसमा चीनले दुईतिहाइ योगदान गरेको थियो। युरोप, जापान र उत्तर अमेरिकाको तुलनामा प्रतिव्यक्ति उत्सर्जन कम भए पनि दक्षिण एसियाको हिस्सा लगभग २० प्रतिशत थियो।

**दक्षिण एसियाली देशको भूमिका**

नेपाल, भारत, बङ्गलादेशलगायतका दक्षिण एसियाली देश जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित हुने देशमा पर्छन्। यी राष्ट्रहरूले वित्तीय सीमाका कारण क्षति सीमित गर्न र जलवायु प्रभावहरूमा अनुकूलन गर्न महत्वपूर्ण चुनौती सामना गरिरहेका छन्। एडिबी प्रतिवेदनले यस क्षेत्रको उच्च जनसंख्या घनत्व र आर्थिक गतिविधिले यसलाई विशेष रूपमा जलवायुसम्बन्धी प्रकोपका लागि संवेदनशील बनाएको छ। क्षेत्रका अधिकांश देशले जलवायुसम्बन्धी सन्धिहरूमा हस्ताक्षर गरेका छन् र आफ्नो कार्बन उत्सर्जन घटाउने राष्ट्रिय योजना प्रस्तुत गरेका छन् तर तीमध्ये अधिकांशले 'नेट जिरो' उत्सर्जनमा पुग्नका लागि स्पष्ट मार्गचित्र भने बनाएका छैनन्। सौर्य र वायु ऊर्जाजस्ता नवीकरणीय ऊर्जामा निर्भरता बढाउने कदमहरूलाई स्वागत गरे पनि, जीवाश्म इन्धनका लागि निरन्तर अनुदानले स्वच्छ ऊर्जामा परिवर्तनलाई निरुत्साहित गर्छ।

एसियामा बढ्दो तापक्रमले दक्षिणपूर्वी एसिया र नेपालमा गम्भीर प्रभाव पारिरहेको छ। सन् २०२३ मा एसियामा समुद्री सतहको तापक्रम र महासागरको तापक्रमले नयाँ कीर्तिमान कायम गरेको थियो, जसले गर्दा यस क्षेत्रले विश्व औसतको लगभग दोब्बर समुद्री सतहको वृद्धिदर अनुभव गरिरहेको छ। दक्षिणपूर्वी एसियामा विशेष गरी बङ्गलादेश, म्यान्मार र थाइल्यान्डमा, अत्यधिक गर्मीले कृषि उत्पादनमा गिरावट ल्याएको छ र स्वास्थ्य जोखिम बढाएको छ। नेपालमा तापक्रमको वृद्धिले हिमनदी पग्लने र पानीको अभाव जस्ता समस्या तीव्र बनाएको छ, जसले लाखौँ मानिसको जीवनमा प्रत्यक्ष असर पारिरहेको छ।

**निष्कर्ष**

विश्वले कोप-२९ को समापन गरिरहेका बेला राष्ट्रपति पौडेलको नेतृत्वमा नेपाललगायतका दक्षिण एसियाली देशहरूको सहभागिता महत्वपूर्ण थियो। यी राष्ट्रहरूले जलवायु वित्त, प्रविधि हस्तान्तरण र क्षमता विकासका लागि वकालत गरे ताकि बढ्दो जलवायु सङ्कटलाई सम्बोधन गर्न सकियोस्। केवल यसको हरितगृह ग्यास उत्सर्जनमा महत्वपूर्ण योगदानका कारण मात्र नभई जलवायु प्रभावका लागि यसको संवेदनशीलताका कारण पनि एसिया-प्रशान्त क्षेत्रको विश्वव्यापी जलवायु छलफलमा भूमिका महत्वपूर्ण छ। कोप-२९ को अन्तिम दिन बाकुमा नयाँ जलवायु वित्त अन्तिम निर्णयको अपेक्षा गरिएको छ, जसले विकासशील देशहरूले कति जलवायु वित्त प्राप्त गर्न सक्छन् र धनी सरकारहरूले कति योगदान गर्नु पर्छ भन्ने कुरा स्पष्ट पार्ने छ।

एसिया-प्रशान्त क्षेत्र यसका अनौठो चुनौती र अवसरका साथ विश्वव्यापी जलवायु कार्यमा नेतृत्व गर्नु पर्छ। कोप-२९ मा दक्षिण एसियाली देशहरूको सहभागिता जलवायु नीतिको भविष्यलाई आकार दिन र सबैका लागि दिगो र लचिलो भविष्य सुनिश्चित गर्न महत्वपूर्ण हुने छ।

# आफूखुसी विदेश जाने कर्मचारीलाई अंकुश लगाउने तयारी

झापा(प्रस) ।सरकारले जनप्रतिनिधि र कर्मचारीले सरकारी कामकाजबाहेक अन्य भ्रमणका क्रममा विशेष तथा कूटनीतिक पासपोर्ट प्रयोग गरेर जथाभावी विदेश जाने प्रवृत्ति रोक्ने तयारी गरेको छ । केपी शर्मा ओलीले गत कात्तिक ३० गते सिंहदरबारमा बसेको राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा वन मन्त्रालयका कर्मचारी धेरै जना कोपमा गएको भन्दै यस्ता प्रवृत्ति रोक्न भनेका थिए ।

मुख्य सचिव एकनारायण अर्यालको अध्यक्षतामा बसेको सचिवहरूको सरकारी खर्च होइन भन्दै कर्मचारीले आफूखुसी दाता





बैठकले विदेश भ्रमणसम्बन्धी कार्यविधि नै परिवर्तन गर्न परराष्ट्र मन्त्रालयलाई जिम्मेवारी तोकेपछि यसको तयारी सुरु गरिएको हो ।
बैठकले सम्बन्धित मन्त्रालय वा निकायमा उपयोग हुने कार्यक्षेत्रमा उययोग हुने विषयमा मात्र विदेश पठाउने निर्णय गरेपछि स्पोन्सर खोज्दै विदेश जाँदै गरेका सरकारी कर्मचारीलाई अब अंकुश लाग्नेछ ।

सरकारी कोषको रकम खर्च नभए पनि औचित्य पुष्टि गरेर मात्र सरकारी कर्मचारी विदेश पठाउने प्रस्ताव स्वीकृत गर्नुपर्ने निर्णय बैठकले गरेको थियो । यसबाट अब सरकारी कर्मचारीले जोसुकैको निमन्त्रणामा जुनसुकै मुलुकमा पनि जान नपाउने भएका छन् । हालै अजरबैजानको बाकुमा भएको जलवायुसम्बन्धी सम्मेलनमा वन मन्त्रालयलगायतका विभिन्न निकायबाट 'स्पोन्सर' खोज्दै ठूलो संख्यामा असम्बन्धित कर्मचारी विदेश गएको भन्दै आलोचना भएपछि बैठकले यस्तो निर्णय गरेको हो । बाकुमा भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र संघीय संरचना महासन्धि पक्ष राष्ट्रहरूको २९औं सम्मेलन (कोप-२९) मा भाग लिन नेपालबाट राष्ट्रपति रामचन्द्र पौडेलको नेतृत्वमा कर्मचारीसहितको ठूलो टोली गएको थियो । त्यस्तै वन मन्त्रालयका अप्राविधिक र असम्बन्धित कर्मचारीसमेत विदेशीदाता र आईएनजीओलाई टिकट र होटल 'स्पोन्सर' गर्न लगाएर कोप गएका थिए । प्रधानमन्त्री

खोजेर कोप जानैपर्ने हो कि होइन भन्ने प्रश्न उठेपछि आगामी दिनमा औचित्य पुष्टि गरेर मात्र विदेश जान सकिने प्रस्ताव सचिव बैठकले पारित गरेको हो । वन मन्त्री र सचिवबाहेक २२ जना भन्दा बढी कर्मचारी 'स्पोन्सर' खोजेर कोप गएका थिए । सरकारी खर्च होइन त भन्दै स्पोन्सर खोजेर कोप जाने कर्मचारीको लाइन लागेपछि यसको छानबिनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि उजुरी परेको छ ।

अख्तियारका प्रवक्ता नरहरि घिमिरेले उजुरी दर्ता भएकाले थप जानकारीका लागि वन मन्त्रालयमा पत्राचार गरेको जानकारी दिए । सचिव बैठकको निर्णयअनुसार अब विदेश जानेको नाम तयार गर्दा मन्त्रिपरिषद्ले अनिवार्य निर्णय गर्नुपर्न बाहेकका कर्मचारीको नाम पनि अनुसूचीमा समावेश गर्नुपर्ने भएको छ । विदेश जाने सचिव, मन्त्री र महानगर र उपमहानगरका प्रमुखहरूको मन्त्रिपरिषद्ले नाम अनुमोदन गराउनुपर्ने छ । अब अनुसूचीमा विदेश जाने अन्य कर्मचारी वा जनप्रतिनिधिको नाम राख्नुपर्ने निर्णय सचिव बैठकले गरेको छ । कोपमा कुन-कुन कर्मचारी किन गए ? जानै पर्ने हो कि होइन ? विस्तृत अभिलेख वन मन्त्रालयसँग पनि नभएको स्रोतको भनाइ छ । वन मन्त्रालयले ज-जसले स्पोन्सरको ग्यारेन्टी गर्छ उसलाई कोप जाने अनुमतिका लागि सिफारिस गरेको थियो ।

# लागूऔषधसहित चारजना पक्राउ



झापा(प्रस) । लागूऔषधसहित झापामा चारजना पक्राउ परेका छन् । यसक्रममा प्रतिबन्धित औषधीसहित कमल गाउँपालिकाका एक युवक पक्राउ परेका छन् । सोमवार दिउँसो ३ बजे कमल गाउँपालिका वडा न.७ बस्ने ३८ वर्षीय संदेश बस्नेतले आफ्नै घरमा प्रतिबन्धित औषधी लुकाई राखेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय दमक र अस्थाई प्रहरी पोष्ट बाह्रघरेबाट खटिएको प्रहरी टोलीले घरमा चेकजाँच गरेको थियो । त्यसक्रममा ट्रामाडोल ४९३ पत्ता , स्पासेन ५०३ पत्ता , डेकोलिक ४२ पत्ता फेला परेको थियो । प्रतिबन्धित औषधीसहित बस्नेतलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय दमकमा राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। त्यस्तै सोमवार साँझ ७.५० बजे गौरीगञ्ज गाउँपालिका वडा नं. १ स्थित प्रहरी चौकी कुन्जिबारीबाट खटिएको प्रहरी टोलीले पैदल हिडिरहेका सोही ठाउँ बस्ने बर्ष२१ का उत्तम राजवंशी, बर्ष-१९ का गोबिन्द राजवंशी र बर्ष-१८ का किरन कोचलाई पक्राउ गरको छ । शंका लागेर चेकजाँच गर्दा उत्तम राजवंशीले लुकाई छिपाई हापपाइन्टको दाहिने गोजीमा राखेको ९०० मिलिग्राम ब्राउनसुगर (नौ सय मिलिगराम), निट्राक्स ८० ट्याब्लेट फेला परेको थियो । तीनै जनालाई नै नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय झिलझिलेमा राखिएको छ ।

# १० क्लबद्वारा 'बी' डिभिजन लिग नखेल्ने घोषणा

झापा(प्रस) । सहिद स्मारक 'बी' डिभिजनका १० क्लबले अखिल नेपाल फुटबल संघ (एन्फा) ले बक्यौता रकम नदिएसम्म लिग नखेल्ने घोषणा गरेका छन् । क्लबहरुले संयुक्त रुपमा विज्ञप्ति जारी गर्दै एन्फाले पुरानो बक्यौता रकम नदिएसम्म लिग नखेल्ने अडान राखेका हुन् ।
संयुक्तरुपमा प्रेस विज्ञप्ति जारी गर्ने क्लबहरुमा झापा फुटबल क्लब, अन्नपूर्ण क्लब आरसिटी, मध्यपुर युथ एसोसिएसन, सरस्वती युवा क्लब, बिग्रेड ब्वाइज क्लब, नयाँबस्ती युथ क्लब, विरगंज युनाइटेड क्लब, टुसाल युथ क्लब, ब्वाइज युनियन क्लब, च्यासल युथ क्लब रहेका छन् ।
एन्फाले एक साताअघि मात्र माघ १३ गतेबाट 'बी' डिभिजन लिग गर्ने मिति तय गरेको थियो । एन्फाले लिगका लागि क्लबहरुलाई मंसिर २१ गतेसम्म क्लब दर्ता गरिसक्नुपर्ने र पुस १३ गते खेल तालिका प्रकाशन गरिने निर्णय पनि गरेको थियो ।

लिगको नयाँ मिति सार्वजनिक भएसँगै क्लबहरुले असन्तुष्टि जनाउँदै पुरानो बक्यौता माग गरेका हुन् । एन्फामा चुलिएको विवादका कारण नियमित सञ्चालन हुन नसकेको 'बी' डिभिजन लिग पछिल्लो समय २०७८ फागुनदेखि चैत महिनासम्म चलेको थियो ।

# बिपीमा बाल क्यान्सरको निःशुल्क उपचार

झापा(प्रस) ।बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले बाल क्यान्सरको निःशुल्क उपचार सुरुआत गरेको छ। अस्पतालले विगतमा शय्या, खाना, रेडियो थेरापी निःशुल्क



गर्दै आएकामा अब केमोलगायत औषधि पनि निःशुल्क गर्न थालनी गरेको हो ।
अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेलका अनुसार डिसेम्बरको अन्तिमसम्म विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)बाट केमोसहितका ३५ बाल क्यान्सरका औषधि निःशुल्क आउँदैछन् । ती औषधि नआउँदासम्म अहिले अस्पतालले नै औषधि उपलब्ध गराउँदै आएको छ । उनले भने, "मन्त्रालयले स्रोत सुनिश्चितता गरेकाले हामीले औषधिसमेत सम्पूर्ण उपचार निःशुल्क सुरु गरेका छौं ।"अस्पतालका उपनिर्देशक डा उमेश नेपालका अनुसार यस अस्पतालमा बाल क्यान्सरका बिरामीको चाप अत्यधिक हुने गर्दछ। उनले भने, "धेरै बिरामी हुन्छन्, निःशुल्क गर्दा अस्पताललाई ठूलो भार हुन्छ भनेपछि स्वास्थ्य मन्त्रालयले स्रोतको सुनिश्चितताको प्रतिबद्धता दियो ।" पछि सोधभर्ना हुने गरी अहिले अस्पतालले नै केमोलगायत औषधिको व्यवस्थापन गरेको उपनिर्देशक डा नेपालको भनाइ छ ।
अस्पतालका बाल क्यान्सर रोग विशेषज्ञ डा कृष्णसागर शर्माले सुरुकै अवस्थामा बाल क्यान्सर पत्ता लाग्यो भने निको बनाउन सकिने बताए । नेपालमा बर्सेनि एक हजार पाँच सय हाराहारी नयाँ बाल क्यान्सरका बिरामी हुन्छन् भन्ने अनुमान रहेको उनको भनाइ छ । तीमध्ये आधा मात्र उपचारको पहुँचमा आउने गरेको उनले जानकारी दिए ।
उनले भने, "कतिपय बालबालिका क्यान्सर पत्ता नलागी ज्यान गुमाएका हुन्छन् । कतिपय विदेशमा गएर उपचार गराएका छन्। तर ५० प्रतिशत बालबालिका क्यान्सर अस्पतालको पहुँच बाहिर रहेको अनुमान गरिएको छ ।" बाल क्यान्सरको उपचार पूर्ण निःशुल्क भएसँगै पहुँच बाहिर रहेका बालबालिका पनि उपचारको पहुँचमा आउने उनले विश्वास व्यक्त गरे ।

# सर्वोच्चको बोर्डमा कालो रङ छ्यापेपछि यादव पक्राउ

झापा(प्रस) । घरेलु हिंसा पीडित भनेर बताउँदै आएकी बिनु यादव पक्राउ परेकी छन् ।
सर्वोच्च अदालतअघि बोर्डमा कालो रङ छ्यापेर विरोध प्रदर्शन गरेपछि उनलाई पक्राउ गरिएको हो ।
उनलाई हाल प्रहरी वृत्त सिंहदरबारमा राखिएको छ । यादवले लामो समयदेखि आफ्नो माग सम्बोधनका लागि प्रदर्शन र अनसन बस्दै आएको छन् । यसअघि उनले अनसन बसेपछि सरकार पक्ष उनको चारबुँदे सहमति पनि भएको थियो । त्यतिबेला यादवमाथि पवन कठायतले जबर्जस्ती करणी उद्योग गरेको मुद्दाको निवेदनउपर कारबाहीका लागि गृह मन्त्रालयले महान्यायाधिवक्ताको कार्यालय पठाउने सहमति भएको थियो । कालीमाटी प्रहरीलाई विसं २०७५ मा आफूमाथि जबर्जस्ती करणीको उजुरी फिर्ता गर्न लगाउने तत्कालीन प्रहरी नायब उपरीक्षक (डिएसपी) सुरज कार्कीमाथि कारबाही र अन्य विभिन्न पाँचबुँदे मागसहित यादव माइतीघर मण्डलामा सत्याग्रह बसेकी थिइन्।

# सगरमाथा क्षेत्र छोड्ने विदेशी पर्यटकको संख्या बढी

झापा(प्रस) । विश्वको सर्वोच्च शिविर सगरमाथा क्षेत्र छोड्ने विदेशी पर्यटकको संख्या ७० प्रतिशतले बढेको छ । चिसो बढेसँगै पछिल्लो समय सगरमाथा क्षेत्र प्रवेश गर्नेको तुलनामा बाहिरिने पर्यटकको संख्या



७० प्रतिशतले बढेको हो ।
पछिल्लो एक सातामा जहाजमार्फत सात सय ११ विदेशी पर्यटक लुक्ला ओर्लिंदा दुई हजार चार सय पर्यटकले सगरमाथा क्षेत्र छोडेका नेपाल नागरिक उड्डयन प्राधिकरण लुक्लाले जनाएको छ । कार्यालयका 'एटिसी अफिसर' सञ्जय श्रेष्ठका अनुसार मङ्सिर ४ गते दुई सय २३ जना भित्रिँदा तीन सय ६२, ५ गते एक सय १९ भित्रिँदा तीन सय २० र ६ गते ८० भित्रिँदा तीन सय ७४ जना विदेशी पर्यटक जहाजमार्फत लुक्लाबाट बाहिरिएका छन् । यस्तै मङ्सिर ७ गते ८८ भित्रिँदा तीन सय तीन, ८ गते ५३ पर्यटक भित्रिँदा चार सय ८१ जना, ९ गते एक सय ३६ भित्रिँदा तीन सय तीन जना र १० गते एक सय ३२ पर्यटक भित्रिँदा दुई सय ५७ जना बाहिएको प्राधिकरणको तथ्याङ्क छ ।
चिसो अधिक बढेकाले विदेशी पर्यटक सगरमाथा क्षेत्रबाट भ्रमण छोट्याएर फर्किनेक्रम उच्च रहेको पर्यटन व्यवसायी डिकबहादुर दर्नालले बताए । कतिपय पर्यटक चिसोले गर्दा माथिल्लो क्षेत्र नपुगी लुक्ला नाम्चेबाट फर्कने गरेका उनको भनाइ छ ।

दर्नालले भने, "पानी जम्न थालेपछि खासै विदेशीहरू माथि जान मान्दैनन् । अहिले चिसो ह्वात्तै बढेको छ, त्यसैले लामो दिनको भ्रमणमा आएकाहरू दिन छोट्याएर फर्किने गरेका छन् ।" नाम्चेभन्दा माथिल्लो क्षेत्रमा कात्तिकको सुरुवातमा सामान्य हिमपात भएकाले चिसो बढेको उनको अनुमान छ ।

# सामाजिक सुरक्षा कोषले परिवारकै उपचार खर्च व्यहोर्ने

झापा(प्रस) । योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत भएका वैदेशिक रोजगारमा रहेका



श्रमिकका श्रीमान्-श्रीमती तथा १८ वर्षमुनिका छोराछोरीहरूले समेत स्वास्थ्य उपचार सुविधा पाउने भएका छन् ।
मंगलबार सातौं सामाजिक सुरक्षा दिवसका अवसरमा आयोजित समारोहमा सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले सो कुरा जानकारी गराएका हुन् । उनले यसअघि वैदेशिक क्षेत्रका श्रमिकले मात्र औषधि उपचार पाउने गरेकोमा अब उनीहरूका श्रीमान् श्रीमती र १८ वर्ष नकटेका उनीहरूका छोराछोरीहरूका लागि समेत उपचार सेवा थप गरिएको जानकारी दिए । "पहिले वैदेशिक क्षेत्रका श्रमिकले मात्र औषधि उपचार पाउने गरेकोमा हाल उनीहरूका श्रीमान्, श्रीमती र १८ वर्ष नकटेकाका छोराछोरीहरूको समेत उपचार थप गरिएको छ," उनले भने ।
उनले कोषमा सोमबारसम्म औपचारिक क्षेत्रका १९ हजार ७६७ रोजगारदाता र पाँच लाख ४३ हजार ३८८ श्रमिक आवद्ध भएको जानकारी गराए । हालसम्म श्रमिक बिरामी भएको, दुर्घटनामा परेको, अशक्त भएको, ज्येष्ठ नागरिक र मृत्यु दाबीबापत कोषले ११ अर्ब ६२ करोड रुपैयाँ कोषका योगदानकर्ता र निजका परिवारलाई भुक्तानी गरिसकेको बताए ।
कोषको दायरा विस्तार गर्ने केन्द्रीय कार्यालयका अतिरिक्त विराटनगर, सिमरा, बुटवल, नेपालगञ्ज, पोखरा र जनकपुरमा कार्यालय स्थापना गरिएको समेत जानकारी दिए । यही आर्थिक वर्षभित्र कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको धनगढीमा समेत कार्यालय स्थापना गर्ने योजना रहेको बताउँदै सात वटै प्रदेशमा कोषको भौतिक उपस्थिति सुनिश्चित गर्ने उनको भनाइ छ ।


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५६५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

मेष: आज अधुरो र नयाँ कार्यको थालनी हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

वृष: रोजगारको अवसर मिल्नेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

मिथुन: छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

कर्कट: आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ ।

सिंह: प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ ।

कन्या: महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ ।

तुला: आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

वृश्चिक: आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

धनु: आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

मकर: मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

कुम्भ: आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

मिन: सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान पनि मिल्नेछ ।पारिवारिक सद्भाव बढ्नेछ ।